**Some suggestions for the formation of constitution of Nepal from NRNA-Taiwan**

1. Should it be a presidential (such as the one that exists in the USA) or parliamentary (similar to the one in India) or a mixed system (such as the one to be found in France) of governance?
तपाईंको विचारमा हाम्रो संविधान कस्तो प्रणालिमा आधारित हुनु पर्छ ( राष्ट्रपतीय (संयुक्त राज्य अमेरिकामा जस्तो) वा संसदीय (भारतमा जस्तो) वा मिश्रित (फ्रान्समा जस्तो)?

उत्तर:

- राष्ट्रपतीय (संयुक्तराज्य अमेरिकामा जस्तो) ।
- यसको अलावा उपराष्टपतिको पनि व्यवस्था गर्नु पर्ने ।
- पदावधि बढीमा २ पटक र १ पटकमा बदीमा ५ वर्षको हुनुपर्ने ।
- लालमोहर लगाउने अधिकारभने सभामुखबाट गराउने ।
- राष्ट्रपतिले संसदबाट सबै धर्म, जात, क्षेत्र, महिला मन्त्रीहरु चयन गर्ने ।

2. How should the chief executive be elected by the people- directly (as in the US, France, or Russia) or by majority votes of parliament (as in Germany, India, or Italy)?
देशको कार्यकारी प्रमुखको निर्वाचन कसरी हुनु पर्ला( अमेरिका, फ्रान्स, रुस आदि देशमा झैं प्रत्यक्ष निर्वाचनद्वारा अथवा भारत, जर्मनी, इटाली आदि देशमा जस्तो संसदको बहुमतद्वारा ?

उत्तर:

- अमेरिका, फ्रान्स, रुस आदि देशमा झैं प्रत्यक्ष निर्वाचनबाट र राष्टपति हुने व्यक्ति पार्टिभित्रबाट पनि चुनिनु पर्ने ।

3. What should be the future federal structure of the country?
a) purely along ethnic lines
b) based on three ecological belts: Mountains, Hill and Terai
c) based on the existing five development region model
d) based on a mix of ecology, geography, economy, mixed resource endowment (mountains and plains) and ethnicity
e) or any other basis ?
हाम्रो मुलुकले कस्तो संघीय स्वरुपलाई अपनाउनु हितकर हुन्छ :
क० पूर्णतः जातीय आधारमा
ख० हिमाल, पहाड, र तराई तीन भौगोलिक क्षेत्रका आधारमा
ग० हालको पाँच विकास क्षेत्रको मोडेलमा
घ० पर्यावरण, भूगोल, आर्थिक तथा प्राकृतिक स्रोत सम्पन्नता एवं जातीयताको मिश्रित आधारमा
ङ० अथवा अरु कुनै आधारमा ?

उत्तर:

- पर्यावरण, भूगोल, सामाजिक विविधता, आर्थिक तथा प्राकृतिक स्रोत सम्पन्नता, जातीय, भाषिक एवं मिश्रित आधारमा ।

4. What provisions should be included in the constitution to enable NRNs' contribution in nation-building? In addition to the provision on dual nationality, what else should be included to ensure the NRNs' participation in the governance of the country?
राष्ट्रनिर्माणमा गैरआवासीय नेपालीहरुको संलग्नतालाई प्रोत्साहित गर्न  दोहोरो नागरिकता लगायत संविधानमा अन्य के कस्ता प्रावधान राख्न आवश्यक ठान्नु हुन्छ ?

उत्तर:

- दोहोरो नागरिकताको ब्यवस्था हुनु पर्ने ।
- समानुपातिकमा एनआरएनएबाट पनि करिव २ प्रतिशत प्रतिनिधित्व गरिनु पर्ने, तर उसले दोहोरो नागरिकता त्याग्नु पर्ने, राज्यका करिव एकलाख जनतालाई प्रत्यक्ष रोजगारी दिने उधोग धन्दा संचालन वा सामाजिक सेवासम्बन्धी काम गरेको हुनु पर्ने, कम्तिमा तीनवर्ष नेपाल सरकारलाई कर तिरेको प्रमाण हुनु पर्ने ।

५. राज्य संरचना कसरी गर्ने ?

उत्तर:

- प्रान्तको संख्या: ५० वटा बनाउने ।
- कूल सदस्य संख्या: २५१ जना (१५१ जना प्रत्येक्ष निर्वाचनबाट र १०० जना समानुपातिकबाट)।
- सबै जात, पेशा, वर्ग, धर्मबाट समेटिनु पर्ने, जसमा महिला र पुरुषको अनुपात ५०:५० हुनु पर्ने ।
- तराई क्षत्रको तुलनामा पहाडी तथा उच्च पहाडी क्षेत्रको प्रान्त सानो बनाईनु पर्दछ ताकि विकास निर्माणका कामहरु र जनताले पाउने सेवाको पहुंच सजिलो होस् ।
- राज्य संरचनासंगै "वैज्ञानिक भूमिसुधार,  जग्गा नहुनेलाई जग्गा र घर नहुने सबै नेपालीलाई घर उपहार" भन्ने नाराको साथ आगामी ५ वर्षे कार्यक्रममा यसलाई समेटी पिछडिएको गरिव, सीमान्तकृत व्यक्तिहरु र क्षेत्रलाई प्राथमिकता दिने ।

६. स्रोत बांडफांड कसरी गर्ने ?

उत्तर:

- ठुला जलस्रोत, खानी तथा भूगर्भ, राष्ट्रिय धार्मिक तथा पर्यटकीय स्थल, ई. केन्द्रको नियन्त्रणमा हुनु पर्ने ।
- अन्यको हकमा ४० प्रतिशत प्रान्तीय सरकारको आम्दानी केन्द्र सरकारमा पठाइनु पर्ने ।
- केन्द्रले उक्त बजेट राज्य संचालन र आवस्यकता हेरी प्रान्तिय विकासमा प्रयोग गर्ने ।
- राष्ट्रियस्तरका कुराहरुको निर्णय जस्तै: जल, सीमा, सेटेलाइट, ई. जनमत संग्रह **(referendum)** बाट निर्णय गरिनु पर्ने ।